# नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश

Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province


च.नं. ८६।०८१।८२ मिति : २०८१/११/१३

**श्री सदस्य महानुभावहरु,**

**नेउवामहासंघ बागमती प्रदेश ।**

बिषयः **नेउवामहासंघ बागमती प्रदेशको आठौं प्रदेश सभा सम्वन्धमा ।**

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको कार्यकारिणी समितिको मिति २०८१।१०।२७ गते बसेको नवौं बैठकको निर्णयानुसार यस प्रदेशको आठौं प्रदेश सभा देहायको मिति, समय र स्थानमा हुन गईरहेको व्यहोरा सूचित गर्दै प्रदेश सभामा छलफल हुने विषय सूचि निम्न अनुसारको रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

१. **आठौं प्रदेश सभा हुने मिति, समय र स्थान** :

**मिति :** २०८१ साल चैत्र १६ गते शनिवार

**समय :** विहान १०:०० बजेदेखि दिउँसो ०३:३० बजेसम्म

**स्थान :** एभोकाडो एण्ड अर्किड रिजोट, हेटौंडा ।

२. **आठौं प्रदेश सभाको कार्यक्रम तथा छलफलको विषय सूची :**

**(क) प्रदेश सभाको उद्घाटन सत्र ।**

(अ) रजिष्ट्रेशन तथा जलपान : विहान १०:०० वजेदेखि ११:०० वजेसम्म ।

(आ) उद्घाटन समारोह : विहान ११:०० वजेदेखि दिउँसो १:०० वजेसम्म ।

(इ) दिवाभोज : दिउँसो १:०० वजेदेखि २:०० वजेसम्म ।

**(ख) प्रदेश सभाको बन्द सत्र । (दिउँसो २:०० वजेदेखि ३:३० बजेसम्म)**

(अ) नेउवामहासंघ बागमती प्रदेशका अध्यक्षज्यूबाट स्वागत मन्तव्य ।

(आ) प्रदेश सभामा सहभागी हुनु हुनेहरुको कोरमबारे जानकारी ।

(इ) नेउवामहासंघ बागमती प्रदेशको वार्षिक प्रतिवेदनको प्रस्तुति एवम् अनुमोदन ।

(ई) कोषाध्यक्षज्यूबाट आ.व. २०८०/८१ आय व्यय विवरण प्रस्तुत तथा अनुमोदन ।

(उ) लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने । (अघिल्लो वर्षको समेत)

(ऊ) आठौं प्रदेश सभामा विचारार्थ प्रस्तुत प्रस्तावहरूको छलफल तथा निर्णय ।

(ए) आठौं प्रदेश सभाको माइन्यूटमा दस्तखतको लागि सहभागीहरुको तर्फबाट १ जना व्यक्तिको छनौट ।

(ऐ) समापन ।


हुप्रचौर, हेटौंडा-४

मकवानपुर, नेपाल

फोनः ०५७-५९१२६०

E-mail: fnccibagmatiprovince@gmail.com



STOP Child Labour

३. **आठौं प्रदेश सभामा प्रतिनिधित्व** :

प्रदेश उद्योग वाणिज्य महासंघको गठन तथा सञ्चालन सम्बन्धी नियमावली, २०७३ प्रथम संशोधन (मिति २०७७।९।२६) १९.३ अनुसार प्रतिनिधिमण्डलको प्रमुख वा मुख्य प्रतिनिधिको रुपमा सदस्य संस्थाको अध्यक्ष रहनु पर्नेछ । कुनै कारणले अध्यक्ष उपस्थित हुन नसक्ने भएमा कार्यकारिणी समितिले आफू मध्येबाट छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रुपमा प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछ । एशोसियट सदस्यको हकमा संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य, कार्यकारी संचालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायब महाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रुपमा मनोनयन गरी पठाउनु पर्नेछ । साथै निर्णयको प्रमाणित प्रतिलिपि समेत प्रतिनिधिपत्र साथ संलग्न गर्नु पर्नेछ । प्रतिनिधिमण्डल पठाउँदा तत्काल कायम रहेका कार्यसमितिको गठन निर्णय विवरण तथा पदाधिकारीहरुको नामावली समेत पठाउनु पर्नेछ ।

○ द्रष्टव्यः उपरोक्त बमोजिम मुख्य प्रतिनिधि नियुक्त गर्दा तल्लो तहको पदाधिकारीलाई मुख्य प्रतिनिधि नियुक्त गरिएमा सो प्रतिनिधिमण्डलमा सो मुख्य प्रतिनिधि भन्दा माथिल्लो दर्जाको पदाधिकारीले भाग लिन पाउने छैन ।

४. **प्रतिनिधि संख्या** :

आठौं प्रदेश सभामा निम्न संघ/संस्थाबाट निम्न संख्यामा प्रतिनिधिमण्डल पठाउन सकिनेछ :

- जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघहरुले मुख्य प्रतिनिधि सहित – २ जना (१ मुख्य प्रतिनिधि र १ अतिरिक्त प्रतिनिधि)
- वस्तुगत संघहरुले मुख्य प्रतिनिधि सहित – २ जना (१ मुख्य प्रतिनिधि र १ अतिरिक्त प्रतिनिधि)
- एशोसिएट सदस्यले मुख्य प्रतिनिधि – १ जना

५. **प्रतिनिधि शुल्कः**

प्रदेश वार्षिक सभामा भाग लिने प्रतिनिधिको लागि प्रतिनिधि शुल्क बापत प्रति व्यक्ति रु. ३,०००.०० (अक्षरेपी तीन हजार मात्र) प्रतिनिधि शुल्क लाग्नेछ । तर एकै व्यक्तिले एक भन्दा बढी संघ/संस्थाको प्रतिनिधित्व गर्दै रजिष्ट्रेशन गरेमा दोस्रो रजिष्ट्रेशन वापत प्रतिनिधि शुल्क रु. १,०००.०० (अक्षरेपी एक हजार मात्र) मात्र लाग्नेछ । जिल्ला/नगर उवासंघ र बस्तुगत संघहरुबाट पर्यवेक्षकको रुपमा सहभागी हुन चाहने प्रतिनिधिले पर्यवेक्षक शुल्क रु. ३०००.०० (अक्षरेपी तीन हजार मात्र) बुझाई सहभागी हुन सक्नेछन् ।



STOP
Child
Labour

संघ/संस्था नविकरण एवं सहभागी शुल्क बागमती प्रदेशको सिद्धार्थ बैंक लि, त्रिपुरेश्वर, काठमाडौंको FNCCI Bagmati Province खाता नं **०06१५१ ०५६५१** मा रकम जम्मा गर्नु भई सोको भौचरको प्रतिलिपि यस प्रदेश सचिवालयमा fnccibagmatiprovince@gmail.com मार्फत उपलब्ध गराई दिनुहुन अनुरोध छ। साथै बैंक भौचरमा आफ्नो संस्थाको नाम अनिवार्य जनाईदिनु हुन पनि अनुरोध छ।

६. **नेउवामहासंघ बागमती प्रदेशको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क र प्रतिनिधिपत्र बुझाउने समयः**

सदस्यहरुले आ.व. २०८१/८२ सम्मको नेउवामहासंघ बागमती प्रदेशको वार्षिक सदस्यता शुल्क, प्रतिनिधि शुल्क, पर्यवेक्षक शुल्क र प्रतिनिधि पत्र २०८१ साल चैत्र ८ गते शुक्रवार साँझ ५:०० बजेभित्र नेउवामहासंघ बागमती प्रदेशको सचिवालयमा बुझाई सकेको हुनु पर्नेछ।
साधारण सभामा भाग लिने मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधिको फोटो सहितको परिचय पत्र बनाइने हुँदा प्रतिनिधिपत्र पठाउँदा मुख्य प्रतिनिधि तथा अतिरिक्त प्रतिनिधिको फोटो सहित राखी पठाउनु हुन अनुरोध छ। सदस्यहरुले प्रतिनिधिमण्डल पठाउँदा तत्काल कायम रहेका कार्यसमिति वा संचालक समिति गठन निर्णय तथा पदाधिकारीहरुको नामावलीहरु पठाउनु पर्नछ।

७. **प्रस्ताव पठाउने सम्वन्धमा :**

नेउवामहासंघ बागमती प्रदेशको आठौं प्रदेश सभामा विचारार्थ पेश गर्नुपर्ने प्रस्तावहरु भएमा प्रदेशको सचिवालयमा २०८१ साल चैत्र ८ गते भित्र नै आईपुग्ने गरी पठाउनु हुन अनुरोध छ।

यस नेउवामहासंघ बागमती प्रदेशको आठौं वार्षिक प्रदेश सभामा समुद्घाटन कार्यक्रमका साथै वन्द सत्रको कार्य हुने भएको जानकारी गराउंदै आठौं प्रदेश सभामा भाग लिने संघ/संस्थाहरुले उपरोक्त अनुसांरको व्यवस्थासहित उल्लेखित समयभित्र नै प्रतिनिधिपत्र, प्रतिनिधि शुल्क, वार्षिक सदस्यता शुल्क पठाउनु भई नेउवामहासंघ बागमती प्रदेशको आठौं प्रदेश सभामा सहभागी हुने व्यवस्थाका लागि हार्दिक अनुरोध गर्दछु। साथै सबै सदस्य प्रतिष्ठानहरुले आ-आफ्नो संघसंस्था अद्यावधिकको कागजात पनि राखी पठाउन हुन अनुरोध गर्दछौं।

**संलग्नः**

१. सभामा प्रस्तुत हुने वार्षिक प्रतिवेदन। (ईमेलबाट पठाईने)
२. आ.व. २०८०/८१ को आय व्यय विवरण। (ईमेलबाट पठाईने)
३. प्रतिनिधि पत्र र पर्यवेक्षक पत्र थान २ (दुइ)। (ईमेलबाट पनि पठाईने)

# नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
## Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province

भवदीय,

**बोधार्थ:**

श्री अध्यक्षज्यू, नेउवामहासंघ बागमती प्रदेश ।
श्री उपाध्यक्षज्यूहरु, नेउवामहासंघ बागमती प्रदेश ।
श्री कोषाध्यक्षज्यू, नेउवामहासंघ बागमती प्रदेश ।

..............................
विवेक मानन्धर
कार्यकारी निर्देशक

हुप्रचौर, हेटौंडा-४
मकवानपुर, नेपाल
फोन: ०५७-५९१२६०
E-mail: fnccibagmatiprovince@gmail.com

STOP Child Labour

**प्रतिनिधि–पत्र**

२०८१/ /

श्री नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश,
हेटौंडा, मकवानपुर ।

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको सदस्यको हैसियतले २०८१ साल चैत्र १६ गते हेटौंडामा आयोजना हुने प्रदेश महासंघको आठौं प्रदेश सभामा यस संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व गरी भाग लिन निम्न लिखित प्रतिनिधि मनोनयन गरी पठाईएको छ। प्रतिनिधि शुल्क बापत रु. ..................... को चेक/ड्राफ्ट/नगद/भौचर/अनलाईन पेमेन्टको प्रमाण पनि यसै साथ संलग्न गरेको छ ।

**प्रतिनिधिहरु**

(१) संघ/संस्थाको नाम .......................................................

| (२) **मुख्य प्रतिनिधि** | **(१) अतिरिक्त प्रतिनिधि** | | |
|---|---|---|---|
| (३) नाम : | नाम : | दर्जा : | दस्तखतः |
| (४) दर्जा : | १. | | |
| (५) मोबाईल नं. : | २. | | |
| (६) ईमेल : | | | |
| (७) दस्तखत नमूना (मुख्य प्रतिनिधिको) .............................. | | | |

| फोटो | फोटो | फोटो |
|---|---|---|

भवदीय,

मनोनयन गर्ने संस्थाको तर्फबाट प्रमाणित गर्नेको दस्तखत :
नाम :
पद :
मिति :

**द्रष्टव्यः**

१. जिल्ला/नगरस्तरीय उद्योग वाणिज्य संघको हकमा मुख्य प्रतिनिधि सहित ३ जनासम्म प्रतिनिधि मण्डलमा समावेश गर्न सकिनेछ ।

२. बस्तुगत संघको हकमा मुख्य प्रतिनिधि सहित २ जनासम्म प्रतिनिधिमण्डलमा समावेश गर्न सकिनेछ ।

३. एशोसिएट सदस्यको हकमा १ जना मुख्य प्रतिनिधि हुनेछ ।

४. महासंघको सदस्य जिल्ला तथा नगरस्तरीय उवासंघ, बस्तुगत संघको हकमा अध्यक्ष स्वयं मुख्य प्रतिनिधि भई नआउने भएमा प्रदेश महासंघको नियमावली २०७३ (प्रथम संशोधन सहित) को नियम १९.३ अनुसार सम्बन्धित संघको कार्यसमितिले मुख्य प्रतिनिधि मनोनयन गरेको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । एशोसिएट सदस्यको हकमा सञ्चालक समितिका अध्यक्षँ, उपाध्यक्ष, सदस्य, कार्यकारी संचालक, कार्यकारी प्रमुख, महाप्रबन्धक र उपमहाप्रबन्धक तहसम्मको जिम्मेवार व्यक्तिलाई मनोनयन गरी पठाउनु पर्नेछ ।

७. प्रतिनिधि शुल्क प्रति व्यक्ति रु. ३,०००। (अक्षँरेपी तीनहजार रुपैया मात्र) लाग्नेछ ।

# नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश
Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province


## पर्यवेक्षक प्रतिनिधि–पत्र
## (जिल्ला/नगर उवासंघ र बस्तुगत सदस्यहरुको लागि मात्र)

२०८१/ /

श्री नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश,
हेटौंडा, मकवानपुर ।

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको २०८१ साल चैत्र १६ गते हेटौंडामा आयोजना हुने प्रदेश महासंघको आठौं प्रदेश सभामा **जिल्ला/नगर उवासंघ/बस्तुगत संघ/संस्था**को तर्फबाट पर्यवेक्षकको रुपमा सहभागी हुन पर्यवेक्षक प्रतिनिधि शुल्क बापत रु. ३,०००।- (तीनहजार मात्र) को चेक/ड्राफ्ट/नगद/भौचर/अनलाईन पेमेन्टको प्रमाण पनि यसै साथ संलग्न गरेको छु ।

पर्यवेक्षक प्रतिनिधिको विवरण

(१) पर्यवेक्षक प्रतिनिधिको नाम ....................................................

(२) आबद्ध संघसंस्थाको नाम ..............................................................

(३) दर्जा ...............................................................................

(४) मोबाईल नं. .....................................................................

(५) ईमेल ठेगाना ....................................................................

(६) दस्तखत ..........................................................................

फोटो

**नेपाल उद्योग वाणिज्य महासंघ-बागमती प्रदेश**
**Federation of Nepalese Chambers of Commerce & Industry-Bagmati Province**

**पर्यवेक्षक प्रतिनिधि–पत्र**
**(विषयगत समितिहरुको लागि मात्र)**

२०८१/  /

श्री नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश,
हेटौंडा, मकवानपुर ।

महोदय,

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको विषयगत समिति **उपसभापति/सदस्य/आमन्त्रित सदस्य**को हैसियतले २०८१ साल चैत्र १६ गते हेटौंडामा आयोजना हुने प्रदेश महासंघको आठौं प्रदेश सभामा पर्यवेक्षकको रुपमा प्रतिनिधित्व गरी भाग लिन प्रतिनिधि शुल्क बापत रु. १,५००।- (एकहजार पा“च सय मात्र) को चेक/ड्राफ्ट/नगद/भौचर/अनलाईन पेमेन्टको प्रमाण पनि यसै साथ संलग्न गरेको छु ।

पर्यवेक्षक प्रतिनिधिको विवरण

(१) पर्यवेक्षक प्रतिनिधिको नाम ..........................................................
(२) आबद्ध समितिको नाम ................................................................
(३) दर्जा ...........................................................................................
(४) मोबाईल नं. ..............................................................................
(५) ईमेल ठेगाना ..............................................................................
(६) दस्तखत ......................................................................................

फोटो

हुप्रचौर, हेटौंडा-४
मकवानपुर, नेपाल
फोन: ०५७-५९१२६०
E-mail: fnccibagmatiprovince@gmail.com

STOP Child Labour